# जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्याः२०८२/०८३
च.नं.: २६

मिति : २०८२।१२।०१
ने.सं.११४६ चिल्लागा, ११ आइतबार

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**
**सूचना नं २६-२०८२/०८३**
**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/०१)**

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल संस्थाहरुको साझेदारी तथा जयपृथ्वी नगरपालिकासंगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" दोस्रो चरण सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस जयपृथ्वी नगरपालिका, बझाङ बीच भएको सम्झौता वमोजिम यस नगरपालिकाका सवै वडाहरुमा उक्त कार्यक्रम सञ्चालन भइरहेको छ । यस नगरपालिका अन्तर्गत जिल्ला अस्पताल बझाङ्गमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मा **मामला व्यवस्थापक** र जयपृथ्वी नगरपालिका कार्यालयमा **सामुदायिक मनोसामाजिक कार्यकर्ता (CPSW) संयोजक** पदका लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिक (महिला) ले jpmunicipality2014@gmail.com वा जयपृथ्वी नगरपालिकाको कार्यालय चैनपुर बझाङ्गमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (उक्तदिन विदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय चैनपुर बझाङ्गमा रहेको JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI हिसाव नं.४११०१००३०१०१०००४ मा वा जयपृथ्वी नगरपालिकाको राजश्व शाखामा मामला व्यवस्थापक पदको लागि रु १०००। (रु एक हजार) र सामुदायिक मनोसामाजिक कार्यकर्ता (CPSW) संयोजक पदको लागि ७००। (रु सात सय) मात्र जम्मा गरेको सक्कल भौचर र आवश्यक कागजातहरु सहित दरखास्त आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**पदः मामला व्यवस्थापक - १ जना (महिला)** **विज्ञापन नं : ०४-२०८२/०८३**

**कामको मूख्य जिम्मेवारी:**

- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानूनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहयोग गर्ने ।
- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदायस्तरमा नै गएर मनोपरामर्श सेवा उपलव्ध गराउने ।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्वारा जिल्लामा गरिने सुपरभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान, सीप सिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुमा देखा पर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
- लैङ्गिक हिंसावाट पीडित देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्वार संकट व्यवस्थापन केन्द्रवाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलव्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई प्रेशण गर्ने ।
- पहिचान गरिएको केशको विस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्वार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढंगले राख्ने । यस्तो केन्द्रवाट उपलव्ध गराईएको सवै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए. को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलव्ध गराउने ।

**योग्यता र अनुभव :**

- **न्यूनतम शैक्षिक योग्ता:** स्नातक तह उर्तिण गरी मनोसामाजिक मनोपरामर्शको ६ महिनाको तालिम लिई लैंगिक हिंसाको क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको ।

२०८२।१२।१
नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner

पत्र संख्याः२०८२/०८३
सू.नः २६

- समुदायमा लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग तथा परामर्श गरि प्रभावकारी रुपमा केस व्यवस्थापन गर्न सक्ने सिप भएको ।
- प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन, संचार, संयोजन र सहजीकरणको आवश्यक सीप भएको ।
- कम्प्यूटर सम्वन्धि राम्रो ज्ञान भएको ।
- आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।
- स्थानीय सरकार तथा न्यायिक समिति, एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षित आवास गृह सन्चालन गरेका संस्था, अन्य सेवाप्रदायक निकायहरु तथा सहयोगी संघसस्थाहरुसँग समवन्य तथा कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने ।
- स्थानीय, पिछडिएका समुदाय र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।
- २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

**पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरू :**

- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १/१ थान ।
- वाञ्छनीय तालिम प्रमाणपत्र, योग्यता तथा अनुभवका प्रतिलिपि १/१ थान ।
- आवेदन फाराम र व्यक्तिगत विवरण (वायोडाटा)
- **पेश गरिने सबै प्रतिलिपि कागजातको पछाडी उम्मेदवार स्वयंमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ ।**

२. सामुदायिक मनोसामाजिक कार्यकर्ता (CPSW) संयोजक : १ जना (महिला) विज्ञापन नं : ०५-२०८२/०८३

**कामको मुख्य जिम्मेवारी:**

- नगरपलिका र वडा तहमा सेवा दिने निकायहरुसंग समन्वय गर्नेः साप्ताहिक रुपमा नगरपलिकाका प्रमुख उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखाका कर्मचारीहरुसंग, वडाको जनप्रतिनिधि तथा सम्वन्धित कर्मचारी संग साप्ताहि रुपमा भेटेरै वा फोनवाट भएपनि कुराकानि गर्ने र कार्यक्रमबारे जानकारी गराउने । प्रभावकारी समन्वय र सहकार्य अनिवार्य रुपमा गर्ने ।
- CPSW हरुको नियमित रुपमा अनुगमन र सहयोग गर्ने, नियमतिरुपमा CPSW को काममा आवश्यक सहयोग गर्ने, जानकारी लिने र अनुगमन गर्ने । OCMC मा केश रेफर गर्न सहयोग गर्ने र प्रत्येक CPSW ले OCMC मा केश रेफर गरेको सुनिश्चित गर्ने र पहिचान गरेको केश अनिवार्य रुपमा OCMC मा प्रेषण गर्ने ।
- नियमित रुपमा CPSW को मासिक बैठक गराउने र पालिका स्तरको महिला शाखा, न्यायिक समिति, स्वास्थ्य, शिक्षा शाखा र स्वास्थ्य शाखाले सन्चलन गरेका विभिन्न कार्यक्रमहरुमा सक्रिय उपस्थित भई लैंगिक हिंसाका वारेमा जानकारी गराउने ।
- GBV केशहरुलाई OCMC पुग्न र वहुपक्षिय सेवाहरु दिलाउनको लागि Safe house, प्रहरी, अदालत, न्यायीक समिति लगायतका निकायहरुसँग नियमित समन्वय गर्ने र केशलाई मनोसामाजिक सहयोग प्रदान गर्ने ।
- केशफ्लो वढाउन भुमिका खेल्ने, नगरपालिका, जिल्ला अस्पताल, स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मी, FCHV, जनप्रतिनिधिहरु, परियोजनका फिल्ड कर्मचारीसँग नियमित समन्वय र सहकार्य गरी केश पहिचान र केश सिफारिसमा वृद्धि गर्ने ।
- रिर्पोटिङ गर्ने, CPSWs को साप्ताहिक मासिक, त्रैमासिक, अर्धवार्षिक रिर्पोट संकलन गर्ने तथ्याङ्क रिर्पोट तयार गर्ने

**न्यूनतम योग्यता एवं अनुभव**

- न्यूनतम शैक्षिक योग्ताः : प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिंण गरी मनोसामाजिक मनोपरामर्शकर्ताको ६ महिने तालिम लिई लैंगिक हिंसाको क्षेत्रमा २ वर्षको कार्य अनुभव भएको ।



CamScanner

# जयपृथ्वी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या:२०८२/०८३
सू.नं: २६

- उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा अनुभव प्राप्तलाई प्राथमिकता दिईनेछ ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- इमेल, इन्टरनेट तथा कम्प्युटर सम्वन्धी जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।
- दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत समुदाय तथा स्थानीय उम्मेदवारहरुलाई विशेष प्राथमकिता दिइनेछ ।

**पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू :**

- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १/१ थान ।
- वाञ्छनीय तालिम प्रमाणपत्र, योग्यता तथा अनुभवका प्रतिलिपि १/१ थान ।
- निवेदन र व्यक्तिगत विवरण (वायोडाटा)
- पेश गरिने सबै प्रतिलिपि कागजातको पछाडी उम्मेदवार स्वयंमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ ।

दरखास्त पेश गर्ने अन्तिम मिति: २०८२ चैत्र १५ गते आइतवार कार्यालय समय भित्र ।

सम्पर्क मिति : २०८२ चैत्र १६ गते

परीक्षा मिति: पछि तोकिनेछ ।

परीक्षाको किसिम: लिखित, प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता (लैगिक हिंसा रोकथाम, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श सेवा तथा समसामयिक सम्वन्धी विषयवस्तुमा आधारित रहने)

फोन नं.: ९८५८४८८५३५,९८४८९७५२३०

वेवसाइट : www.jayaprithvimun.gov.np

२०८२/१२/१

लाल वहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः छोटो सूचीमा परेका उम्मेदवारलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ । सूचनामा उल्लेख भए वाहेकका अन्य विषयमा पदपूर्ति समितिले निर्धारण गरे वमोजिम हुनेछ र समितिको निर्णय अन्तिम हुनेछ



CamScanner